## महिलाहरूका लागि अस्थायी साधन अभिशाप पुरुषहरूका लागि बरदान

राजाराम कार्की

प्रचारमा ल्याइएका परिवार नियोजनका अस्थायी साधनहरूको प्रयोगले महिलाहरूलाई साइड इफेक्ट पर्न थालेपछि डाक्टरहरूले अस्थायी साधन प्रयोग गर्न महिलाहरूलाई बाध्य र विवश पार्न नहुने धारणा व्यक्त गर्न थालेका छन् । आखिर परिवार नियोजनका अस्थायी विधि महिलाले मात्र होइन पुरुषहरूले पनि प्रयोग गर्दा दुबै पक्षलाई फाइदा पुग्ने धारणा उनीहरूको छ ।

अधिकांश महिलाहरूले गाउँघरमा मलको डोकोमात्र होइन, गाह्रो-साह्रो काम गर्नैपर्छ । त्यसमा पनि महिलाहरूलाई अस्थायी साधनको बोझ थुपार्नु भनेको महिलाहरूलाई शारीरिक पीडा हुनु हो– भक्तपुर अस्पताल दूधपाटीमा कार्यरत डा. इन्द्रप्रसाद प्रजापति बताउनुहुन्छ ।

चाहे तीनमहिने संगीन होस् वा डिपो, कुनै पनि सुई महिलाले लगाउँदा कोही बढी मोटाउँछन् भने कोही अधिक दुब्लाउँछन् । मोटाएमा महिलाहरूले फापेको संज्ञा दिन्छन्, दुब्लाउँदै गएमा अफाप । आखिर दुबै प्रक्रियाले दीर्घकालसम्म महिलाहरूलई नराम्रो प्रभाव पार्ने प्रतिक्रिया सोधपुछका क्रममा विभिन्न डाक्टरहरूले व्यक्त गरे ।

लैङ्गिक समानताका कुराहरू व्यवहारमा उपयोग भएका छैनन् । घरको विविध काम सकेर जिल्ला जनस्वस्थ्य कार्यालय भक्तपुरमा डिपो (तीनमिहने सुई) लगाउन हिंडेकी भक्तपुर चित्तपोल गाविस-७ कि नानीमैया कार्की दुःखेसो व्यक्त गर्दै भन्छिन्– डिपो लगाउन थालेपछि शुरु-शुरुमा मासिक धर्म भएन, पछि तीन-चार महिनामा एकपटक हुन थाल्यो । महिनावारी हुँदा रगतका चोक्टा बग्ने गर्दथ्यो । त्यसपछि क्रमशः अहिले तल्लोपेट (पाठेघर) दुःख्न थालेको छ । पेट दुख्यो कम्मर समायो भन्यो भने सासूबज्यै उल्टै “खोई ! हामीले पनि दशजना छोराछोरी पायौं यस्तो भएको थिएन” भन्नुहुन्छ । यो कथन नानीमैयाको मात्रै होइन, तमाम गाउँबेसी, उकाली-ओराली गर्ने अधिकांश महिलाहरूको हो ।

त्यसैगरी भक्तपुर चित्तपोल गाविसकै तारा थापाले पनि डिपो लगाउने गरेको बताइन् । उनले ४ वटा सुई लगाउँदा एक वर्ष ७ महिनासम्म मासिकश्राव भएन । उनी निकै दुब्लाउँदै गएपछि भक्तपुर अस्पतालमा उनको स्त्री रोग जाँच गरियो । स्वास्थ्य परीक्षण गरेपछि उनलाई डिपो सुई नलगाउन सल्लाह दिइयो ।

महिलाहरूले प्रयोग गर्ने अस्थायी विधिहरूमा मुख्यतया पिल्स (खाने चक्की), डिपो वा तीनमहिने सुई, कपर टी, नरप्लान्ट आदि हुन् । उक्त साधनको प्रयोगले अधिकांश महिलाहरूलाई अपच हुने, कपाल दुख्ने, रिंगटा लाग्ने, स्तन कडा हुने, रजस्वला बन्द हुने, पाठेघरमा रोग लाग्ने, योनीबाट बढी मात्रामा रगत बग्ने स्तो साइड इफेक्टहरू हुने कुरा चिकित्सकहरू बताउँछन् । भक्तपुर क्यान्सर अस्पतालमा कार्यरत डा. आरती शाह यी सबै साधनहरू महिलालाई प्रयोग गराउनुको सट्टा पुरुषले प्रयोग गर्ने अस्थायी साधन ढाल सयौं गुणा उत्तम र उपयोगी छ भन्नुहुन्छ ।

डिपो लगाउन छाडेपछि भंगला गाउँ बस्ने सानी थापाको स्तनमा गाँठागुठी देखापरेको कुरा उनी बताउँछिन् । सानी भन्छिन्– डिपोको प्रयोगले आफूले त दुःख पाइयो-पाइयो तर साथीहरूलाई अब उप्रान्त नलगाउन सल्लाह दिन्छु ।

विकसित राष्ट्रहरूले विकासोन्मुख मुलुकहरूमा प्रयोगका लागि विभिन्न नियोजनका साधनहरू निर्यात गर्छन् । जनसंख्या नियन्त्रण गर्ने माध्यमका रूपमा श्री ५ को सरकारले विद्युतीय सञ्चार माध्यमबाट एकोहोरो महिलाहरूले प्रयोग गर्ने अस्थायी साधनको विज्ञापन गराइरहेको पाइन्छ । भक्तपुरर निवासी सरस्वती कार्कीले रेडियोबाट नरप्लान्टको विज्ञापन सुनिन् । पाँच वर्षसम्म सन्तान नजन्माउने इच्छा लिएर सरस्वती स्वास्थचौकी भक्तपुर पुगिन् । त्यहाँ डाक्टरले उनलाई पाखुरामा नरप्लान्ट राखिदिए । सरस्वती ढुक्क भएर घर फर्किन् । एक वर्षसम्म उनको मासिकश्राव भएन । त्यसपछि योनीबाट लगातार रगत बग्न शुरु गऱ्यो । सोही समस्या बोकेर सरस्वती पुनः स्वास्थचौकी पुगिन् । डाक्टरले सरस्वतीलाई गाली गर्दै भने– के हाम्रो अरु काम छैन ? नरप्लान्ट निकाल्दै हाल्दै गर्ने ! सामान्य साइड इफेक्ट त भइहाल्छन नि ! उक्त भनाइ सुनेर सरस्वती निरीह भएर घर फर्किन् । विभिन्न कठिनाइका बाबजुद उनले पाँच वर्ष पूरा गरिन्, यद्यपि उनी अहिले कमजोर र निकै दुब्ली छिन् । आफू नरप्लान्टका असरबाट कमजोर र दुब्लाउँदै गएको बताउने सरस्वतीले आगामी दिनमा आफूले अस्थायी साधन प्रयोग नगर्ने वाचा गरेकी छिन् ।

परिवार नियोजनका अधिकांश अस्थायी साधनहरू महिलाहरूका लागि अफापसिद्ध भए तापनि अधिकांश विवाहित युवाहरू पुरुषहरूले प्रयोग गर्ने अस्थायी साधन ढाल प्रयोग नगर्ने बताउँछन् । भक्तपुरका स्थानीय युवाहरू यौन आनन्दका लागि ढाल बाधक बन्ने हुनाले नै आफूहरूले आफ्ना श्रीमतीहरूलाई डिपो लगाउन सुझाव दिएको बताउँछन् । आफ्ना लोग्नेहरूलाई यौन आनन्द दिलाउन महिलाहरू बाध्य हुनैपर्छ । एचआईभी एड्स, यौन रोग र परिवार नियोजनको वैकल्पिक साधन ढाल होसियारीपूर्वक प्रयोग गरेमा शतप्रतिशत सफल मानिन्छ ।

नेपालमा जम्मा कुल जनसंख्याको वैवाहिक सम्बन्धमा रहेका ३५ प्रतिशत मानिसहरूले मात्र परिवार नियोजनका साधनहरू प्रयोग गरेको तथ्यांक छ । जसमा करिब ९० प्रतिशत महिलाहरू र बाँकी १० प्रतिशत मात्र पुरुषहरूले यस्तो साधन प्रयोग पर्छन् । काभ्रेमा ५७ प्रतिशत मानिसले अस्थायी साधन प्रयोग गर्ने गरेको जानकारी जिल्ला स्वास्थ्य कार्यालय धुलिखेलले दिएको छ ।

काभ्रेपलाञ्चोक जिल्लामा गत वर्ष २ हजार ८ सय ४२ जना महिलाहरूले पिल्स खाने चक्की प्रयोग गरे । १६ हजार ६ सय ३९ महिलाहरूले डिपो (तीनमहिने) सुई प्रयोग गरे, ५ सय ४२ महिलाहरूले कपर टी र ३ हजार ४ सय २ महिलाले नरप्लान्ट गरी कुल ४१ हजार ३ सय १ महिलाले अस्थायी साधन प्रयोग गरेका थिए । २०५५।०५६ मा ३६ हजार २ सय ७१ र २०५६।०५७ मा ३४ हजार ३ सय ३६ जना महिलाहरूले अस्थायी साधन प्रयोग गरेको पाइयो । पुरुषहरूका लागि ०५७।५८ मा कार्यालयले कुल ३ लाख ६० हजार ६ सय ९५ वटा ढाल वितरण गरेको थियो ।

जिल्ला स्वास्थ्य कार्यालय धुलिखेलका प्रमुख बालकृष्ण भुसाल महिलाहरूले प्रयोग गर्ने सबैखाले अस्थायी साधनमा कम्तीमा तीन-चार प्रतिशत साइड इफेक्ट हुने बताउनुहुन्छ । यसर्थ महिलाहरूलाई पर्ने नकारात्मक प्रभावबाट जोगाउन पुरुषहरूले ढाल प्रयोग गर्नुपर्ने धारणा भुसाल राख्नुहुन्छ ।

चितवन, भुक्तानी गाउँका कृष्णराम कार्की पढेलेखेका युवा हुन् । तर उनले ढाल प्रयोग गरेका छैनन् । किन ढाल प्रयोग नगरेको ? कृष्ण भन्छन्– पहिला एक दुईपटक प्रयोग गरेको हुँ पछि यौन सन्तुष्टिमा कमी र प्रयोगमा झन्झट भएकाले उक्त विधिलाई त्यागी श्रीमतीलाई स्वास्थचौकीमा डिपो लगाउन पठाएको छु । गाउँघरका पढेलेखेका अधिकांश विवाहित युवाहरू पनि आफ्ना पत्नीहरूलाई डिपो प्रयोग नगर्न नै दबाब दिन्छन् । कृष्णलाई मलको डोको मात्र होइन, ग्राहो-साह्रो काम पनि गर्नुपर्दैन– महिलाले नै गर्नुपर्छ । स्थायी नियोजन विधि गर्न पनि डराउने, गाह्रो काम पनि नगर्ने, यसरी महिलालाई यौनपीडामा पनि शारीरिक यातना दिने हाम्रो पुरुषप्रधान समाज विरोधाभाष छ ।

कृष्ण मेडिसिन स्टोर बनेपामा कार्यरत डा. भूषण श्रेष्ठ भन्नुहुन्छ– ढाल प्रयोगले महिलालाई कुनै पनि प्रकारको साइड इफेक्ट पुऱ्याउँदैन । उद्यपि महिलाले प्रयोग गर्ने विविध अस्थायी साधनमा केही साइड इफेक्ट पाइन्छ । यसर्थ एचआईभी एड्सजस्तो रोगबाट बच्नका लागि पनि ढाल उपयोगी भएकाले सफल दाम्पत्यजीवनका लागि ढाल बरदान सावित छ । यौन कार्य शुरु गर्नु अगावै मात्र ढाल प्रयोग गर्नुपर्छ । पहिला एक-दुईपटक हो, बानी परेपछि सन्तष्टि मिल्दै जान्छ । अनावश्यक रूपमा महिलालाई दुःख दिनु पनि पाप हो- डा. भूषणको थप कथन थियो ।

भक्तपुर अस्पताल दूधपाटीमा कार्यरत डा. अर्चला वैद्य स्त्री रोग विशेषज्ञ पनि हुनुहुन्छ । उहाँका अनुसार केही महिलाहरू अस्थायी साधनको प्रयोगबाट साइड इफेक्ट भई उपचारको लागि आउँछन् । यद्यपि सबैलाई साइड इफेक्ट भने हुँदैन तापनि तुलनात्मक रूपमा ढाल निकै फलदायी हुन्छ । बच्चा पुगिसकेपछि पनि अस्थायी साधन प्रयोग गरिरहेको पाइन्छ । यसरी लामो समयसम्म उक्त विधिहरू अपनाएपछि त पक्कै महिलाहरूलाई असर पुग्ने नै भयो । यसर्थ स्थायी बन्ध्याकरण वा पुरुषले ढाल प्रयोग गर्नु निकै उचित रहेको उहाँ बताउनुहुन्छ ।

जिल्ला जनस्वास्थ्य कार्यालय भक्तपुरले उपलब्ध गराएको तथ्यांकअनुसार २०५५/०५६ मा ११ हजार ८ सय ९७ महिलाले डिपो (तीनमहिने सुई), ५ सय ५९ ले नरप्लान्ट, १ हजार ३३ ले पिल्स (खाने चक्की) र ३१ जनाले कपर टी प्रयोग गरेका थिए भने २०५६/०५७ मा १० हजार ९ सय ६५ ले डिपो, ६७९ ले नरप्लान्ट, ३१ जनाले कपर टी र ७ सय ७७ ले पिल्स चक्की प्रयोग गरेको तथ्यांक प्राप्त भएकोमा तुलनात्मक रूपमा पुरुषहरूले जम्मा ४४ हजार २ सय ८ मात्र ढाल प्रयोग गरेको देखियो । संख्यात्मक रूपमा महिलाहरू धेरै गुणा बढी अस्थायी साधन प्रयोग गर्ने गर्छन् ।

स्त्री तथा प्रसूति सोसाइटीका सेक्रेटरी एवं भक्तपुर अस्पतालका डा. इन्द्रप्रसाद प्रजापति भन्नुहुन्छ– चेतनशील मानिसले ढाल नै प्रयोग गरेको पाइन्छ । तर बच्चा पुगेपछि पुरुषले अथवा महिलामध्ये एकले स्थायी बन्ध्याकरण गर्नुपर्छ । लामो समयसम्म महिलाहरूलाई अस्थायी विधि प्रयोग गराउन बाध्य पार्न नहुने उहाँको धारणा छ ।

पानी व्यवस्थापनमा महिला सहभागिता, सुरक्षित जीवनको उपहार
रेवती सापकोटा

पूर्वजलस्रोत राज्यमन्त्री लक्ष्मण घिमिरेको रामेछाप-३ बाबियाखर्ककी सानु घिमिरेले अघिल्लो दिनको थकाइका कारण बिहान सबेरै उठ्न नसके उनको घरमा पिउने पानी पाउनै मुस्किल हुन्छ । रामेछाप जिल्लाको बाबियाखर्क गाउँका महिलाहरू बिहान ४ बजे उठेर ठूल्धारामा पानी भर्न गएनन् भने उनीहरूको घरमा खाना पकाउने र पिउने पानी नै हुँदैन ।

खाना पकाउन, पिउन र गाईवस्तुलाई दिन मात्र होइन, घरका अशक्त, बूढाबूढीलाई नुहाउन आवश्यक पानी उपलब्ध गराउन नसके त्यहाँका महिलाहरूले मानसिक यातना सहनुपर्छ । मानसिक यातनाबाट बच्न सानु घिमिरेले ठूल्धारामा ग्रागी लाइनमा राखेर दुई घण्टा समय बिताई ल्याएको पानीले उनका ८० वर्षीय ससुरा वेदप्रसाद घिमिरे नुहाउँछन् र पूजापाठ गर्छन् ।

बिहान सबैरै उठेर धारामा गई लाइनमा बसेर भए पनि आफू नुहाउँछौं त्यसपछि पानी लिएर आएर खाना पकाउँछौं– त्यहाँका महिलाहरू आफ्नो काम दुःख साथ प्रष्टाउँछन् । कहिलेकाहीं माइती वा मावली जानुपऱ्यो भने पानी बोक्ने मान्छे घरमा राखेर मात्र जानुपर्छ । बाहुन जातिको बाहुल्यता रहेको बाबियाखर्क गाउँका महिला र पुरुष बिहान ननुहाए आफूलाई चोखो भएको ठान्दैनन् । धार्मिक विश्वासले सरसफाइमा ध्यान दिनुलाई राम्रो मानिए पनि अधिकांश समय पानी ओसार्न लगाउनुपर्दा त्यहाँका महिलाहरूको अन्य सिर्जनामा कमी आउँदै गएको छ ।

सुख्खा मौसममा धागोको त्यान्द्रोजस्तै गरी खस्ने ठूल्धारामा पानी भर्न बिहान, दिउँसो र बेलुका महिलाहरूबीचमा झगडा पर्नु र बोलचाल बन्द हुनुलाई त्यहाँ सामान्य मानिन्छ । ठूल्धारा नजिकै रहेको सानो धारामा हिउँदका दिनहरूमा पानी नआउनाले त्यही समयमा उक्त समस्या बढ्ने गरेका छन् । त्यसबाहेक पानीको वैकल्पिक स्रोत नजिकमा नभएका कारण त्यहाँका महिलाहरूले वर्षौंदेखि पानीको समस्या झेल्दै आउनुपरेको हो ।

जनसंख्याको बढ्दो चाप र पानीको वैकल्पिक स्रोतको अभावमा पूर्वजलस्रोत राज्यमन्त्री घिमिरेको गाउँका महिलाहरूले पानी पिउनको लागि झेल्नुपरेको समस्या किनारा लाग्ने संभावनाका संकेत देखिन सकेको छैन । गत असोजदेखि निकै टाढाबाट ल्याइएको पानीलाई जिम्मलडाँडामा धारो ठड्याइएको भए पनि त्यहाँ नियमित पानी नआउनाले देखिइसकेको संभावनाको उज्यालो संसार पुनः टाढिएको छ । यहाँ आउने पानी वर्षाद्को घामजस्तै हो– धारा नजिकैका एक बृद्धले व्यङ्ग्यताका साथ भने– चुनावका बेलामा त सबैले धारा ल्याउँछौं भन्छन् अघिपछि फर्केर हेर्दैनन् ।

बाबियाखर्कको खानेपानी समस्याका विषयमा राम्रो जानकारी राख्ने लक्ष्मण घिमिरेले त्यहाँका जनताको मत पाएर जलस्रोत राज्यमन्त्रीसम्म बन्ने अवसर पाउनुभयो तर त्यहाँका महिलाहरूलाई पानीको ग्रागीले थिच्न छोडेको छैन । पूर्वजलस्रोत राज्यमन्त्री ती महिलाहरूको समस्या समाधान गर्न नसक्नुको कारण पानीको वैकल्पिक मुहान नभएको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ– त्यहाँ पानीको अर्को मुहान नै नभएकोले जति योजना बने पनि कार्यान्वयन हुनै सक्दैन । घिमिरे नेपालको जलस्रोतको विषयमा जानकारी संकलन गर्न पछि नहट्ने व्यक्ति हुनुहुन्छ ।

बाबियाखर्कमा वैकल्पिक खानेपानीको व्यवस्था गर्ने गतिलो योजनाको साथमा कार्यान्वयन गर्ने दृढ इच्छाशक्ति बोकेर सरकारी तथा गैरसरकारी क्षेत्रबाट अध्ययन-अनुसन्धानसमेत हालसम्म भएको छैन । घरमा पानी भित्र्याउन त्यहाँका महिलाहरूले धारामा खर्चनुपरेको समय र श्रमलाई व्यवस्थित गर्न स्थानान्तरणको व्यवस्था मिलाउने उपाय पनि कसैले निकाल्न सकेको छैन ।

तर गाउँको पानी व्यवस्थापनको विषयमा सहरी क्षेत्रमा जलस्रोतविज्ञहरूका बीच पटकपटक गोष्ठी, छलफल र सेमिनार मोटो रकम खर्च गरेर हुँदै आएको छ । जलस्रोतको एकीकृत व्यवस्थापन गर्न आगामी फेब्रुअरीमा नेपालमा हुन लागेको प्रथम दक्षिण एसिया जलगोष्ठीमा पानीको व्यवस्थापनमा महिलाहरूको भूमिकाका बारेमा छलफल गर्न महिला र पानी विषयक छुट्टै विशेष सत्रको आयोजना हुँदैछ । यस गोष्ठीमा दक्षिण एसियाका जलस्रोतविज्ञहरूले महिला र पानीको विषयमा छुट्टाछुट्टै कार्यपत्र प्रस्तुत गरी पानी व्यवस्थापनमा महिलाहरूलाई सहभागी गराउने तयारी हुँदैछ ।

यसअघि डिसेम्बरमा पनि पानी व्यवस्थापनको विषयमा नेपालको गाउँदेखि सहरसम्म सरकारी तथा गैरसरकारी क्षेत्रमा क्रियाशील महिलाहरूको सहभागितामा पानीको समस्या र उपायका विषयमा बृहत् छलफल हुँदैछ । विगतको स्मरणसहित गोष्ठी-सेमिनारप्रति आलोचक हुँदै एकजना जलस्रोतविद् भन्छन्– नेपालमा छलफलको लागि छलफल धेरै हुन्छन् तर छलफलबाट निष्केको निष्कर्ष कहिल्यै कार्यान्वयन हुँदैन, त्यसैले अब त छलफलको अर्थ नै नरहने भइसक्यो ।

पिउने पानीको निम्ति ग्रामीण तथा सहरी क्षेत्रका महिलाहरूले झेल्दै आएका समस्यालाई किनारा लगाउन र घरमा पानी भित्र्याउन ती महिलाहरूले खर्चनुपरेको समयको सदुपयोग गरी उनीहरूलाई आयआर्जनका क्रियाकलापमा लगाउन त्यस्ता गोष्ठी र सेमिनारहरू निष्फल सावित भएको निष्कर्ष ती जलस्रोतविद्को छ । उनको भनाइ छ– महँगा होटलमा ठूला गफ गरेर हुँदैन, विपन्न जनताको घरदैलोमा पुगी काम गरेर देखाउनुपर्छ ।

ग्रामीण महिलाहरूको पानी ओसार्ने काममा लाग्ने श्रम र समय बचत गरी आयस्रोत वृद्धि गर्ने काममा लगाउन ग्रामीण खानेपानी तथा सरसफाइ कोषमार्फत् खानेपानी आयोजना तथा आयआर्जनका क्रियाकलाप सञ्चालन गर्नको लागि सरकारले बजेट पनि छुट्याएको छ । ५५ करोड १९ लाख रुपैयाँ बजेट उक्त कामको लागि विनियोजन गरिएको घोषणा अर्थमन्त्री डा. रामशरण महतले आर्थिक वर्ष २०५८/०५९ को बजेट प्रस्तुत गर्दा गत असार २५ गते संसद्का दुवै सदनसमक्ष गर्नुभएको थियो । यसअघि ग्रामीण तथा सहरी

क्षेत्रका महिलाहरूले पानी ओसार्न बिताउनुपरेको समय र श्रमको सदुपयोग गरी आयआर्जनमा लगाउन सरकारी तथा गैरसरकारी क्षेत्रबाट थालिएको प्रयास सफलतामा पुग्न सकेको छैन ।

पारिवारिक बोझले थिचिएका महिलाहरूको आर्थिकस्तर उठाउन जलस्रोतको राम्रो उपयोग गर्नुपर्ने र त्यसको लागि उच्चस्तरको आपसी विश्वास र समन्वय आवश्यक पर्ने कुरा जलस्रोतका विषयमा हुने गरेका गोष्ठीमा उठ्ने गरेका छन् । त्यस्ता गोष्ठीहरूमा समन्वयात्मक ढंगले पानीको बाँडफाँड गर्ने र पानीको प्रयोगसम्बन्धी प्राथमिकता तोक्नेजस्ता काम हुन नसकेकाले आपसी खिचातानीको स्थिति आउने गरेको कुरा पनि उठ्ने गरेका छन् । दक्षिण एसियाको सबैभन्दा ठूला प्राकृतिक साधनको रूपमा लिइने जलस्रोतकै विषयमा आगामी दिनमा कटुता बढ्दै जाने आशंका बढ्दो छ ।

संयुक्त राष्ट्र संघको एउटा तथ्यांकले जनाएअनुसार विश्वमा करिब पाँच सय ५० मिलियन (५५ करोड) मानिसहरू पानीको अभावबाट पीडित छन् । सन् २०१० सम्म करिब एक विलियन मानिसहरू पानीको अभावबाट पीडित हुने तथ्य उक्त तथ्यांकले देखाएको छ । विश्वका २२ प्रतिशत र एसियाका ३३ प्रतिशत मानिसहरू स्वस्थ खानेपानीको अभावमा रोगसँग जीवनको भीख मागिरहेका छन् । त्यसमा पनि महिला र बालबालिकाको संख्या बढी छ । प्रतिसेकेण्डमा एक बच्चाको मृत्यु पानीसँग सम्बन्धित रोगका कारण हुने गरेको छ । संयुक्त राज्य अमेरिकाको वर्ल्ड वाच इन्स्टिच्युटले प्रकाशमा ल्याएको एक अध्ययनमा विश्वमा सबैभन्दा बढी पानीको समस्या भारतमा रहेको उल्लेख गरिएको छ ।

नेपालमा तीन सय किलोमिटरभन्दा बढी जलाधार क्षेत्र भएका करिब ६ हजार नदीहरू अविरल बग्दछन् । ती सम्पूर्ण नदीहरूमा बग्ने पानीको मात्रा दुई सय क्युबिक मिटर रहेको सरकारी तथ्यांकहरूले देखाएका छन् । ८८ विलियम क्युबिक मिटर पानी त नेपालको भूमिगत जलभण्डारमा रहेको मानिन्छ । नेपालमा औषत वार्षिक एक हजार पाँच सय मिलिमिटर पानी पर्ने गरेको छ ।

४५ हजार क्षेत्रफल ओगटेर बग्ने नेपालका करिब छ हजार नदीमा बग्ने पानीलाई भाग लगाउँदा प्रतिव्यक्ति वार्षिक करिब आठ हजार घनमिटर पानी अंश लाग्न सक्ने अनुमान जलस्रोतविद्हरूले गरेका छन् । वर्षाद्मा ८० प्रतिशत र बाँकी समयमा २० प्रतिशत पानी मात्रै उपलब्ध हुने हुँदा सुख्खा मौसममा प्रतिव्यक्ति एक हजार छ सय घनमिटर पानी उपलब्ध हुन जाने तथ्य जलस्रोतविद्द्वय अजय दीक्षित र दीपक ज्ञवालीले आफ्नो एउटा पुस्तकमा पेस गर्नुभएको छ ।

पानीको विद्यमान अवस्थामा पानी व्यवस्थापन गर्न महिला सहभागिता बढाउनु आवश्यक भएको तर्क जलस्रोतविद्हरूले गर्न थालेका छन् । जलस्रोत मन्त्रालयअन्तर्गतको जल तथा शक्ति आयोगले बनाएको २० वर्षे जलस्रोत रणनीतिमा गरिबी निवारण, अर्धबेरोजगारी एवं बेरोजगारी समस्या समाधान गर्ने र स्वास्थ्य स्थिति सुधारका लागि शुद्ध खानेपानीको व्यवस्था गर्ने नीति लिइएको छ । उक्त रणनीति तयार गर्न सल्लाहकारको भूमिका निभाउने जलस्रोतविद् ईश्वरराज वन्त महिला र पानीलाई सँगै जोड्नुको कारण स्पष्ट पार्दै भन्नुहुन्छ– महिलाहरूलाई पछाडिबाट अगाडि ल्याउने प्रक्रियास्वरूप पानीसँग जोडिएको हो ।

दैनिक जीवनमा पानी र महिलाको सम्बन्ध नङ र मासुको जत्तिकै हुने भएकाले पनि महिलालाई पानी व्यवस्थापन गर्न अगाडि बढाउनुपर्ने तर्क अविरल रूपमा आउन थालेका छन् । एसियाली विकास बैंकको सहयोगमा सञ्चालित खानेपानी आयोजनाको सल्लाहकार रहनुभएको डा. विजया श्रेष्ठ महिलाहरूसँग पानीको सम्बन्ध बढी भएकाले जोडिएको तर्क पेस गर्नुहुन्छ । उहाँ भन्नुहुन्छ– जोसँग बढी सम्बन्धित छ त्यसैसँग जोडिएको हो । पानी व्यवस्थापनमा क्रियाशील महिलाहरूलाई संगठित गर्ने अभियानमा लाग्नुभएकी डा. श्रेष्ठ अगाडि थप्नुहुन्छ– महिलाहरूलाई पानी व्यवस्थापनमा सहभागी गराएर उनीहरूलाई खानेपानीको बारेमा पर्याप्त जानकारी गराउनुपर्छ । उहाँ १० वर्षदेखि खानेपानी व्यवस्थापनमा क्रियाशील हुँदै आउनुभएको छ ।

परिवारमा पुरुष शिक्षित हुनुभन्दा महिला शिक्षित हुनु बढी लाभदायद हुने विश्वास राख्नेहरू भन्छन्– पानी व्यवस्थापनमा महिला सहभागिता हुँदा पानीजन्य रोगबाट मृत्युवरण गर्ने बालबालिका र महिलाको संख्यामा कमी आउँछ किनकि दूषित पानीको सट्टा सुरक्षित पानी पिउनेको संख्या बढ्छ ।

## चेलीबेटी बेचबिखन र संघसंस्थाहरूको प्रभावहीनता

प्रेम दाहाल

झापाका पदमप्रसाद दाहालले दुई वर्षअघि हराएकी आफ्नी छोरीको नयाँदिल्लीस्थित वेश्यालयबाट लेखिएको दर्दनाक चिठ्ठी पाए । शनिश्चरे गाउँ विकास समिति वडा नं. १ घर भएकी रीता (नाम परिवर्तन गरिएको) र उनकै साथी यशोदा जागिर खान काठमाडौं आएका थिए । बौद्धस्थित एउटा गलैंचा कारखानामा काम गर्दागर्दै हराएकी छोरीले वेश्यालयबाट निकाल्न अनुरोध गर्दै लेखेको चिठ्ठी पाउँदा पदमप्रसादलाई छाँगाबाट खसेजस्तै भयो ।

नेपालका धेरै छोरी-बुहारीहरू भारतका वेश्यालयहरूमा बेचिने गरेको कुरा सुनेका पदमप्रसादले आफ्नै छोरी बेचिएको थाहा पाएपछि भक्कानो छोडेर रोए । छोरीले नयाँ दल्लाबाट लेखेको चिठ्ठी बोकेर जिल्ला प्रहरी कार्यालय चन्द्रगढी पुगेका दाहालले खोजी गरिदिन अनुरोध गर्दै फोटोसहित लिखित उजुरी पनि दिए । उजुरीको केही दिनपछि छोरी नभेटिएको जानकारी प्रहरीबाट पाएपछि उनी झन् चिन्तित भए । त्यसपछि छोरीको खोजी गर्न उनी काठमाडौंसम्म आए पनि २ वर्षअघि हराएकी रीता र यशोदालाई नारकीय जीवनको पीडाबाट छुटकारा दिलाउन सकेनन् ।

रीता र यशोदा मात्र होइन २ लाखभन्दा बढी यशोदाहरू भारतका विभिन्न वेश्यालयहरूमा पशुसरह बिक्री भएर दर्दनाक पीडा भोग्न बाध्य भइरहेका छन् ।

नेपालमा सबैभन्दा बढी चेलीबेटी बेचबिखन हुने जिल्ला सिन्धुपाल्चोक मानिए पनि अहिले त्यसलाई नुवाकोटले उछिनेको छ । सिविनको सहयोगमा गाविस महासंघले गत वर्ष गरेको सर्वेक्षणअनुसार नुवाकोट जिल्लाको गाउँफेदी गाविसबाट मात्रै चार सय चेलीबेटी भारतका विभिन्न वेश्यालयमा बेचिएका छन् ।

सो संस्थाका अनुसार नुवाकोट जिल्लाबाट झण्डै तीन हजार चेलीबेटीहरू वेश्यालयमा बिक्री भएका छन्, जसमध्ये शिखरफेदीमा २ सय ५०, गाउँखर्कमा १ सय ५०, बेतिनीमा १ सय १०, तालेखमा १ सय, रातोबेसीमा १ सय १०, समुद्रटारमा ९०, बालकुमारीमा ५५, शिखरमा १०, छापमा ९०, महाकालीमा ५०, कविलासमा १०, साप्रेमा १ सय १०, सनमा ४०, पंचकन्यामा ५०, ललुकामा ५५ र उर्लेनीमा १३ रहेका छन् ।

नुवाकोटपछि अहिले मकवानपुर जिल्लामा पनि चेलीबेटी बेचिने क्रम बढ्दो छ । तामाङ जातिको बाहुल्यता रहेको पहाडी गाविसहरूबाट प्रेमविवाह र जागिरको बहानामा सयौं युवतीहरू बेचिने गरेका छन् । प्रहरीले बेला-बेलामा सीमा क्षेत्रबाट पक्राउ गरेका युवतीहरूको संख्या र ठेगानाले यही कुराको पुष्टि गर्छ ।

हाल प्रत्येक वर्ष ७ हजारभन्दा बढी नेपाली चेलीहरू भारतका यौन-बजारमा बिक्री भइरहेको कुरा बारम्बार उठ्ने गरेको छ । नेपाल-भारत खुल्ला सिमाना भएको कारण पनि नेपाली चेलीबेटीहरू भारतमा बिक्री गर्ने अपराधीहरूलाई सजिलो भएको छ । नेपाल-भारतको सिमानामा भएको खुकुलो व्यवस्थाले पनि चेलीबेटी तस्करीलाई अझ सजिलो बनाइदिएको छ ।

अशिक्षा, अन्धकार र गरिबीका कारण नेपालका विपन्न वर्गका युवतीहरू विभिन्न बहानामा काँकरभिट्टा, जोगबनी, पशुपतिनगर, कोशी व्यारेज, भद्रपुर, गौर, भिट्टा, खिखरबास, दक्षिणतर्फ जयनगर, रक्सौल, सुस्ता, भगवानपुर र पश्चिममा वनबासा, कञ्चनपुर, गुलरिया, बेलौरी, भजनीलगायतका नाकाहरूबाट भारतका विभिन्न शहरमा पुर्‍याई पशुसरह बिक्री गर्ने गरिन्छ ।

चेलीबेटी बेचबिखन रोक्न नेपालमा विभिन्न गैरसरकारी संस्थाहरू क्रियाशील रहेका छन् । तर, ती संस्थाहरूको प्रयास प्रभावकारी हुन नसकेको दाबी जिल्ला विकास समिति सिन्धुपाल्चोकका सभापति सरेश नेपालको छ ।

बेचबिखनका विरुद्ध सिविन, ओरेक, माइती नेपाल, एबीसी नेपाल, स्त्री शक्ति, शान्ति पुनर्स्थापना, नयाँ ज्योतिलगायतका धेरै गैरसरकारी संस्थाहरू क्रियाशील रहेका छन् । गत वर्ष भारतका विभिन्न वेश्यालयबाट निकालिएका महिलाहरूमध्ये सिविनमा २६, एबीसी नेपालमा २८, ओरेकमा १२, स्त्री शक्तिमा १०, माइती नेपालमा २८, शान्ति पुनर्स्थापनामा १२ र नयाँज्योतिको सेल्टरमा १४ जनालाई आश्रय दिइएको छ ।

भारतका वेश्यालहरूबाट फर्काइएका महिलाहरूलाई आफन्तले घरमा नलैजाने र स्वयं उनीहरू पनि जान नचाहने हुनाले थप समस्या उत्पन्न हुने गरेको कुरा सिविन नेपालका अध्यक्ष गौरी प्रधान बताउनुहुन्छ । गैरसरकारी संस्थाले मात्रै वेश्यालयमा रहेका लाखौं महिलालाई निकालेर राख्न सक्दैन । त्यसैले सरकारले नै एउटा बृहत् नीति तर्जुमा गरेर काम गर्नुपर्ने धारणा अध्यक्ष प्रधानको छ ।

चेलीबेटी बेचबिखन रोक्नका निम्ति महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयले पनि प्रत्येक वर्ष लाखौं रुपैयाँ खर्च गर्ने गरेको छ ।

तर मन्त्रालयले गैरसरकारी संस्थाहरूको झैं बेचिएका महिलालाई फर्काउने काम भने गरेको छैन । चेलीबेटी बेचबिखन हुने २६ वटा जिल्लामा गोष्ठी र सेमिनारहरू सञ्चालन गर्दै आएको छ । महिला, बालबालिका तथजा समाजकल्याण मन्त्रालयका अनुसार ती जिल्लाहरूमा जिल्ला विकास समितिका सभापतिको अध्यक्षतामा एक समिति बनाइएको छ । त्यस्ता समितिले चेलीबेटी बेचबिखन रोक्न क्रियाशीलता देखाइरहेका छन् । त्यस्तै ती जिल्लामा महिला विकास शाखाहरू पनि क्रियाशील रहेका छन् ।

मन्त्रालयमा महिला बेचबिखनको क्षेत्र हेरिरहनुभएका शाखा अधिकृत श्याम श्रेष्ठ झापा, रूपन्देही, रुपन्देही र बाँके जिल्लामा आईएलओ र आइपेकको सहयोगमा विशेष कार्यक्रम सञ्चालन गरिएको कुरा बताउनुहुन्छ। चेलीबेटी बेचबिखन रोक्न सरकार र गैरसरकारी संस्थाहरूले करोडौं रुपैयाँ खर्च गरेका छन् तर लगानीको प्रतिफल भने सोचेअनुरूप प्राप्त हुन सकेको छैन।

त्यसरी गरिएको लगानी अधिकांश गोष्ठी, सेमिनार र प्रचार-प्रसारका शीर्षकमा खर्च हुने गरेको छ। तर सहरमा गरिने गोठी र सेमिनारहरू पनि गाउँमा नै गरे बढी उपयोगी र कम खर्चिलो हुने देखिन्छ। यस कुरालाई मन्त्रालयले बुझ्न नसकेको कुरा महिला पुनर्स्थापना केन्द्रकी अध्यक्ष डा. रेणु राजभण्डारी बताउनुहुन्छ।

चेलीबेटी बेचबिखनविरुद्ध क्रियाशील गैरसरकारी संस्थाहरूलाई नै बेलाबेलामा बेचबिखन गरेको आरोप पनि लाग्ने गरेको छ। तर उक्त आरोपलाई सम्बन्धित संस्था वा व्यक्तिले खण्डन गर्न पनि सकेका छैनन्।

एकातिर चेलीबेटी बेचबिखनको समस्या दिन प्रतिदिन बढिरहेको छ भने अर्कातिर संसद् नचल्दा पनि भत्ता पाउनुपर्छ भन्दै आवाज उठाउने हाम्रा सांसदहरूले चेलीबेटी बेचबिखन भएको विषयमा आवाजसम्म पनि उठाउँदैनन्। मानिसलाई पशुसरह बेचबिखन गर्नु अपराध हो भन्ने कुरा जान्दाजान्दै पनि किन त्यस्ता अपराधीहरूले हाम्रा चेलीबेटीलाई बिक्री गरिरहेका छन् ? यो प्रश्न अहिले गम्भीर रूपमा तेर्सिएको छ।

समाजको कलंकको रूपमा रहेको चेलीबेटी बेचबिखनलाई सदाका लागि समाप्त नगरेसम्म हाम्रो समाज अघि बढ्न सक्दैन। यसतर्फ सम्बन्धित निकायले बेलैमा ध्यान दिन अति जरुरी भइसकेको छ।

## मासु बेच्ने (बगरे) पेशामा महिलाहरूको आकर्षण

राजन रावत

त्रिभुवन विश्वविद्यालयबाट प्रवीणता प्रमाणपत्र तहसम्म अध्ययन गरेकी कमला कसाईले श्रीमान्सँग आफूले बगरे पेशा अपनाउने प्रस्ताव राखिन्। चालक पेशामा संलग्न श्रीमान्ले उनको प्रस्तावलाई स्वीकार गरेनन्। कमलाले आफ्ना सासू-ससुरासँग पनि पनि यसबारे कुरा गरिन्। बगरे पेशा त पुरुषले गर्ने हो महिलाले होइन- उनका सासू-ससुराले भने।

शुरुमा परिवारबाट सहयोग नमिलेपछि बगरे पेशा नगर्ने कि भन्ने सोचाइसम्म कमला पुगिन्। तर, जहाँ इच्छा त्यहाँ उपाय भन्ने उखान सम्झेपछि फेरि उनले श्रीमान्सँग छलफल गरिन्। धेरै प्रयास गरेपछि श्रीमान्ले अनुमति दिनुभयो। उहाँले भनेपछि सासू-ससुराले पनि सहमति जनाउनुभयो। अनि मैले बागबजारमा बगरे पेशा शुरु गरें- चार वर्षअघिदेखि मासुको कारोबार गर्दै आएकी कमलाले बताइन्। अहिले एकातिर कमलालाई बेरोजगार बस्नु नपरेको अनुभव छ भने अर्कोतिर उनका श्रीमान्लाई आर्थिक रूपमा सहयोग पुगेको छ।

विगत पाँच वर्षदेखि बानेश्वरको मीनभवनमा मासुको व्यापार गर्दै आएकी सुभद्रा गुरुङले पनि कमलाले जस्तै समस्या भोगिन्। समयको परिवर्तनसँगै पसल खोल्दा विरोध गर्ने परिवारका सदस्यले अहिले सुभद्राको मासुको व्यापारमा सहयोग पुऱ्याइरहेका छन् र त्यसबाट भएको नाफाको उपभोग गरिरहेका छन्– सुभद्राले भनिन्। तर विगत चार वर्षदेखि कलंकीमा बगरे पेशा अंगाल्दै आएकी शिलु श्रेष्ठको कुरा भने कमला र सुभद्राभन्दा अलि भिन्न छ। उनले आफै पसल खोलिनन्। आफ्नो श्रीमान्ले गर्दै आएको पेशालाई सहयोग पुऱ्याउन यस पेशामा लागिन्।

शुरुमा त अप्ठ्यारो लागेको थियो। अहिले सजिलो भएको छ- उनले भनिन्। शिलुले गरेको परिश्रमको फलस्वरूप उनको परिवारमा आर्थिक उन्नति भएको छ।

यी त उदाहरणहरू मात्र हुन् महिलाले बगरे पेशा अपनाएका। उपत्यकाका काठमाडौं, ललितपुर र भक्तपुरलगायत अधिराज्यका प्रमुख सहरहरूमा अनगिन्ती महिलाहरूले बगरे पेशा गर्दै आएका छन्। यसरी बगरे पेशालाई दैनिक दिनचर्या ठान्ने कमला, सुभद्रा र शिलुले समाजमा महिलाप्रति हेरिने परम्परागत धारणालाई मात्र चुनौती दिएका छैनन् आफू स्वावलम्बी पनि बनेका छन् र समाजमा उदाहरणीय पनि बन्दैछन्।

महिलाहरूले पुरुषका सहयोगीका रूपमा पनि काम गर्ने गरेका छन्। दिनमा घरमा बस्छु, बिहान-बेलुका पसलमा बसी मासुको कारोबार गर्छु- कमलाले बताइन्। एक हातले ताली बज्दैन भन्ने कुरालाई राम्रोसँग बुझेका महिलाहरूको सहयोगले पुरुष बगरेहरूलाई उत्साह थपेको छ।

महिलाहरूले बगरे पेशा गर्न त्यति सजिलो छैन । वस्तुहरूको वध गर्न साहस नै चाहिन्छ । महिलाहरूले वध गर्न नसक्ने हुँदा बगरे पेशा गर्नुहुन्न– केही समयअघिसम्म बूढापाकाहरू यसै भन्थे । अहिले परिस्थिति बदलिएको छ । बूढापाकाले चुनौतीपूर्ण ठानेको पेशामा महिलाहरू आकर्षित हुँदैछन् । त्यसो हुँदा महिलाहरूको संख्या यस पेशामा बढिरहेको छ ।

धेरै पसलमा महिलाहरूले कुखुरा र खसी मासु राख्छन् भने केही ठाउँमा राँगाको मासु पनि राख्ने गरेका छन् । कुखुराहरू कोल्ड स्टोरबाट आउने हुँदा झन्झट पर्दैन तर खसीको भने आफैले वध गर्नुपर्छ । त्यो काम अलि अप्ठ्यारो हुन्छ– कमलाले आफ्नो अनुभव सुनाइन् । जनसंख्याको वृद्धिसँगसँगै मासुको खपत पनि बढ्दो छ । मासुको कारोबार महिलाहरूका लागि आम्दानीको राम्रो आयस्रोत बनेको छ । दालभातका अतिरिक्त छोराछोरी पढाउन र केही रकम संचय गर्न पनि यस पेशामा लागेका महिलाहरू सक्षम देखिएका छन् ।

बगरे पेशामा लागेका महिलाहरू बेलुकासम्म पसलमा बस्छन् । पसलमा बस्ने काम भने सोचेजति सजिलो छैन । विभिन्न किसिमका ग्राहक आउँछन् । मासु राम्रो भएन भनेर गुनासो गर्छन् । अरू केहीले त अभद्र व्यवहार प्रदर्शन गर्छन्- शिलुले बताइन् । यस पेशामा लागेका महिलाहरूलाई पारिवारिक झन्झट पनि पर्ने गर्छ । स-साना बालबालिकाले दुःख दिन्छन् । त्यसका अतिरिक्त घरको काम पनि गर्नुपर्ने हुन्छ । कामको बोझ बुझ्ने श्रीमान्, सासू-सुराले घरको काममा सहयोग गर्न थालेका छन् । यसबाट राहत मिलेको छ- सुभद्राले आफ्नो धारणा राखिन् । धेरै महिला यस पेशामा लागेका छन् तर त्यसबारे एकिन तथ्यांक त छैन तथापि आफै खोलेर होस् वा श्रीमान्लाई सहयोग पुऱ्याउन होस् बगरे पेशामा महिलाहरूको संख्या बढ्दो छ । मासुको व्यापारमा संलग्न यी महिलाहरूले समाजमा नयाँ काम गर्न सक्छन् भन्ने देखाएका छन् । हुन त नेपालको कानुनले समेत महिला र पुरुषले गर्ने व्यवसायको कुनै अन्तर छुट्याएको छैत तर सामाजिक धारणाले महिलाहरू कुनै नयाँ काम गर्ने हिचकिचाएका हुन् । यसमा महिलालाई मात्र दोष दिन मिल्दैन त्यसको लागि समाज पनि उत्तिकै भागिदार छ । तथापि आज त्यो अवस्था भने रहेको छैन ।

सम्पत्ति र बहुविवाहको सम्बन्धलाई नियाल्दा
शोभाकर पराजुली

नेपालीमा त उखान नै छ– मर्दका १० वटी स्वास्नी हुन्छन् । पुरुषलाई परम्परागत रूपमा जति पनि विवाह गर्ने छुट दिइएको हो । पुरुषले धेरै विवाह गर्नु अपराध मानिदैन थियो । उसले आफ्ना पत्नीहरूलाई उचित रेखदेख गर्न नसक्नु र मानवीय किसिमले चित्त बुझाउन नसक्नुलाई मात्र नराम्रो मानिने गर्थ्यो परम्परागत समाजमा । तर अहिले परिस्थिति बदलिएको छ । नेपालमा पनि बहुविवाह सामान्यतः निषेधित छ । बहुविवाह बदर नभए पनि कानुनले दण्डनीय मानेको छ ।

अहिले नेपालमा महिलाको सम्पत्तिसम्बन्धी हकलाई लिएर धेरै छलफल भइरहेका छन् । महिलाले जन्मघरमा अंश पाउनका लागि ३५ वर्षको उमेरसम्म अविवाहित बस्नुपर्ने अवस्था छ । त्यसबीचमा बाबुआमा, दाजुभाइहरूले बर्बाद गरिदिएमा वा आफ्ना-आफ्नो बनाएर लिएमा महिलालाई अंश लिनका लागि धेरै कठिन हुन्थ्यो र कहिलेकाहीं असंभव नै हुन्थ्यो । ती अप्ठेराहरूले अब पार पाउने भएका छन् । यसरी हेर्दा मुलुकी ऐनमा हुन लागेको सुधारलाई सकारात्मक र प्रगतिशील नै मान्नुपर्ने हुन्छ । महिलाले आफ्नो सम्पत्ति आफूखुसी गर्ने अधिकार पनि पुरुषसरह पाए भने त्यसलाई पनि राम्रो नै मान्नुपर्छ ।

वर्तमान संविधानले महिला र पुरुषलाई बराबरी सम्झेको छ । संविधानले दुवैलाई बराबर अधिकार दिएको छ र कतिपय हकमा महिलालाई विशेष संरक्षण पनि दिएको छ । यो सकारात्मक पक्ष हो । धेरै कुराहरू वर्तमान संविधान सुधार गरेर महिला हकहितलाई अझ व्यवस्थित गर्न सकिन्छ र गर्नु राम्रो पनि हो । अहिलेको संविधान महिलालाई भेदभाव गर्ने र भेदभावलाई प्रोत्साहित गर्ने किसिमको पटक्कै छैन । नेपाल अधिराज्यको संविधान, २०४७ ले प्रत्याभूति गरेका मौलिक हकहरू तथा अन्य व्यवस्थाहरूले महिलाको हक र अधिकारलाई संकुचित गरेका छन् भन्ने अवस्था अहिले पनि पटक्कै छैन तर यसको आसयलाई वर्तमान कानुनहरूले आत्मसात गर्न नसकेको कुरा भने प्रष्टै छ ।

नेपालको वर्तमान कानुनमा मुलुकी ऐन प्रमुख नै छ । देशमा अंश तथा अन्य प्रकारका सम्पत्तिको बारेमा स्पष्ट व्यवस्था गरेको कानुन पनि मुलुकी ऐन नै हो । यो ऐन २०२० सालमा आएको भए पनि समयअनुसार सुधार एवं संशोधन हुँदै आएको पाइन्छ । अब पनि त्यो ऐन संशोधन हुने क्रममा छ । क्रमिक रूपमा यसले महिलाको हकअधिकारलाई ध्यान दिंदै आएको पनि पाइन्छ । तर नेपालमा प्रजातान्त्रिक व्यवस्थाको पुनर्स्थापना भएको १२ वर्ष हुँदा पनि वर्तमान संविधानअनुसार महिलाको अंशसम्बन्धी हकको लागि समानतापूर्ण व्यवस्था हुन सकेको छैन । त्यसको लागि केही कार्य अहिले आएर भएको हो कि जस्तो मात्र भएको छ । यो कार्य सकारात्मक भए पनि पूर्ण छैन । एकैपटक गरे हुने कार्य दुई-तीनपटकको लागि सारिएको छ । संविधानको भावना र मर्मअनुसार अझै पनि कानुन बन्न सकेकोजस्तो लाग्दैन । कानुन बनेर आएपछि विस्तृत रूपमा जानकारी हुने भए तापनि यसमा केही यस्ता कमजोरीहरू देखिए जसले गर्दा यो कानुन संविधानविपरीत छ भन्न पनि सकिन्छ कि जस्तो देखिएको छ ।

प्रतिनिधिसभाबाट पारित महिला अधिकारसम्बन्धी विधेयकले महिलाको सम्मानलाई स्थापित गर्न सकेको छैन, असफल भएको छ। छोरीले आफ्नो जन्मघरमा पाएको सम्पत्तिलाई सधैंभरि आफ्नो बनाउन पाउनुपर्छ। विधायकहरू र कानुनविद्हरूले जवाफ दिनैपर्छ कि छोराछोरीमा एउटाको विवाहपछि सम्पत्ति खोसिने अर्कोको नखोसिने कुरा कसरी समानतापूर्ण र न्यायपूर्ण हो ? समानता दिने हो भने दुवैलाई पूर्ण समानता दिनुपर्छ। महिलाले विवाह गरेपछि पतिकै घरमा जानुपर्छ भन्ने केही छैन। सुविधाअनुसार विवाहित दम्पती महिलाको जन्मघरमा पनि बस्न सक्छन्। त्यो अधिकार कानुनले सुरक्षित गर्नुपर्ने हो। तर त्यो कुरा यो विधेयकले गर्न सकेको छैन। छोरीले विवाह गरेपछि सम्पत्ति छोड्नुपर्ने र छोराले नपर्ने भनेपछि त यो आफैं नै असमानतामा आधारित र अन्यायपूर्ण व्यवस्था भएन र ?

महिलालाई अहिले पनि पतिले रिसको झोंकमा वा अहंकारवस तिम्रो बाउको घरको सम्पत्ति हो र ? भनी फूर्ति लगाउनसमेत पछि पर्दैनन्। महिलालाई पेवा, दाइजो, तिलकको माध्यमबाट यदाकदा उनीहरूले पाउने अंशभन्दा पनि बढी सम्पत्ति गएको हुन सक्छ तर अंश नभनिनाले यसले मानसिक रूपमा सन्तुष्टि छैन, हुँदैन र म पुरुषको घरमा पुरुषको सम्पत्तिमा बसेकी छु भन्ने परिरहेको हुन्छ महिलाहरूलाई। महिलालाई यो मैले आफ्नो पुर्खाबाट पाएको सम्पत्ति हो, म दासी मात्र होइन समान हैसियतकी मानिस हुँ भन्ने अनुभूति दिलाउनका लागि पनि उनलाई माइतीबाट अंश जरुरी छ।

एउटा उदाहरणबाट अगाडि बढौं– एक छोरा र छोरी भएको परिवार रहेछ। २ करोडको सम्पत्ति रहेछ। छोरीको विवाह भएको हुँदा उनको त्यो माइतीको सम्पत्तिमा अधिकार समाप्त भयो। मानौं, उनलाई त्यो पतिको चौतर्फी व्यवहार ठीक लागेन वा प्रतिकूल भयो र उनले अर्को गरिबसँग विवाह गरिन् भने त्यस समय उनी गरिब बन्न पुग्छिन्। त्यस्तै छोराले पनि त्यही व्यवहार गऱ्यो। एउटा विवाह गऱ्यो र पत्नीसँग सन्तुष्ट नभएर अर्को विवाह गऱ्यो। विवाहले उसको आर्थिक अवस्थामा त्यस्तो विशेष परिवर्तन आएन तर छोरीमा भने आयो। तसर्थ विवाहपछि जन्मघरमा छोरीले अंश नपाउने व्यवस्था न्यायपूर्ण र समानतापरक हुँदै होइन। महिलाको लागि वैवाहिक सम्बन्ध सम्पत्ति गुम्ने कारण बन्न सक्ने तर त्यही व्यवहार पुरुषको लागि सामान्य बन्ने र सम्पत्ति नगुम्ने कुरा कहिल्यै पनि न्यायपूर्ण, समानतापूर्ण र मानवीय हुँदै होइन। सबै सचेत वर्गले यस सम्बन्धमा गम्भीरतापूर्वक ध्यान दिनैपर्छ।

अर्को तर्क पनि राख्नुपर्ने देखिन्छ। त्यो तर्क अहिले समाजलाई सुपाच्य हुँदैन। यसप्रति मानिसहरूको सहमति हुँदैन। यो तर्क केवल सत्य हो र त्यसतर्फ क्रमशः मानिसहरूले ध्यान दिनुपर्छ र यसका लागि वातावरण तयार हुनुपर्छ भन्ने धारणा मात्र अगाडि बढाउने प्रयत्न गरिएको छ।

त्यो हो- महिलाको प्रष्ट्याइँको आधारमा नै बच्चाको बाबु निर्क्यौल हुन्छ। बच्चा पाउनमा पनि महिलाको प्रमुख भूमिका रहन्छ। महिलाहरूको सरदर जवानी बच्चा पाएपछि मथ्थर हुने र रजस्वला हुन छोडेपछि शारीरिक रूपमा महिलाहरूमा जवानीको अन्त्यजस्तै हुन्छ भन्ने गरिन्छ र त्यो उमेर करिब ४५ वर्ष र ५० वर्षको बीचमा रहन्छ। त्यसको विपरीत पुरुषहरूको अवस्था फरक छ। पुरुषले भन्दा महिलाले नै बच्चाबच्चीहरूप्रति बढी ध्यान पुऱ्याउने गर्छन्। त्यसतर्फ ध्यान दिंदै सामान्यतः सम्पत्तिसम्बन्धी अधिकार पुरुषलाई भन्दा महिलालाई बढी दिने र पुरुषले अर्को विवाह गरेमा विशेष अवस्थामा बाहेक आफ्नो पैतृक सम्पत्तिबाट उसले हात धुनुपर्ने व्यवस्था गर्ने, बहुविवाहलाई पूर्ण बन्देज लगाउने हो भने यसले केही सकारात्मक परिणाम दिन सक्छ। जस्तै : सम्पत्ति सबै गुम्ने हुँदा पुरुषहरू बहुविवाह गर्न स्वभावैले डराउँछन्। सम्पत्ति गुम्नु पनि एक प्रकारको ठूलै सजाय हो। सम्पत्ति नै छोड्नसमेत तयार हुने अवस्थामा पुगेको पुरुष भएमा त्यहाँ उसकी पत्नीको पनि कमजोरी छ भन्ने बुझ्नुपर्ने हुन्छ। त्यस सम्पत्तिलाई बच्चाबच्चीको हितमा लगाउने कार्य हुनसक्छ।

उमेरको सीमाले नछेक्ने हुँदा पुरुष र महिलाको स्थिति केही फरक अवश्य छ। यसतर्फ ध्यान जान जरुरी छ। पुरुषहरूले बहुविवाह गरेर पत्नी र सम्पत्ति छाडेर जानुपर्ने भएपछि एक प्रकारको सन्तुलन पनि कायम हुन्छ र महिलाहरू नै क्रमशः घरको प्रमुख व्यक्ति बन्ने संस्कारको विकास हुन्छ। हुन त समाज विकासको क्रमले विवाहलाई नै अप्रासंगिक पनि बनाउन सक्छ तर अहिलेको अवस्थामा विकास र प्रगति भनेको महिलालाई बढी सम्पत्तिसम्बन्धी अधिकारबाट सम्पन्न बनाउनु पनि हो जसमा बच्चाबच्चीहरूको हितसमेत लुकेको छ।

अर्को पनि प्रश्न छ– त्यो धेरैलाई अप्ठेरो लाग्ला। त्यो हो– पुरुषलाई बहुपत्नीसँग रहन जति सजिलो छ महिलालाई बहुपतिसँग रहन त्यति तै कठिन छ। किनभने महिलाका बच्चा पाउने र अन्य कतिपय बाध्यताहरू छन्। यसतर्फ पनि सबैको ध्यान जान उपयुक्त हुन्छ कि ?